सूचना

भ्रष्टाचारीलाई तिरस्कार
र इमान्दारीलाई पुरस्कार गर्ने
संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

वर्ष-१३ ।। अङ्क : ९० ॥ २०७८ जेठ २१ गते शुक्रबार (4th June 2021, Friday) **Pratidin** National Daily dNo-?÷%÷-

सरकार ! बचाउनु छ भने खोप देऊ

झापा (प्रस) । कोरोना भाइरसबाट नागरिकको जीवन बचाउन तत्काल सहजरुपमा खोप उपलब्ध गराउन झापाका नागरिक अगुवाहरुले सरकारसँग माग गरेका छन् ।

सम्वाद समूह झापाको संयोजनमा बिहीवार झापाका नागरिक समाजका प्रतिनिधिहरुबीच भएको भर्चुअल छलफलमा कोरोनाबाट बच्ने अन्तिम विकल्प खोप नै भएकाले तत्काल खोप उपलब्ध गराउन ध्यानाकर्षण गराइएको हो । उनीहरुको एउटै आवाज थियो – सरकार ! बाँच्नका लागि कोरोनाबिरुद्धको खोप देऊ । उनीहरुले सबै नागरिकलाई तत्काल निःशुल्क खोप उपलब्ध गराउन माग गरे । यदि सरकारले सबैलाई निःशुल्क खोप दिन सक्दैन भने सक्नेबाट शुल्क लिएर र विपन्नलाई निःशुल्क खोप उपलब्ध गराउन पनि नागरिक अगुवाहरुले सुझाव दिएका छन् । खोप खरिदका लागि संघीय सरकारले स्थानीय सरकार तथा अन्य सामाजिक एवम् निजी क्षेत्रलाई पनि अनुमति दिएर सहज बनाउनु पर्ने बताइएको छ । स्थानीय सरकार तथा निजी क्षेत्रले खोप खरिदका लागि चासो देखाइरहेका बेला संघीय सरकारले प्रक्रियालाई सहज बनाएर अघि बढ्नु पर्ने उनीहरुको भनाइ छ । नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य तथा झापा सभापति लोकराज ढकालले खोपलाई प्राथमिकता दिएर अघि बढ्न आग्रह गरे ।

गैर सरकारी संस्था महासंघ झापाका अध्यक्ष हरि गौतमले सबै नागरिकमा सहजरुपमा खोपको सुनिश्चता हुनु पर्नेमा जोड दिए । नेपाल पत्रकार महासंघ झापाका पूर्व अध्यक्ष कृष्ण हुमागाईले खोप उपलब्ध गराउन सरकारलाई नागरिकस्तरबाट रचनात्मक दवाव सिर्जना गर्नु पर्ने बताए ।

नेपाल बार एशोसिएसन झापाको मानवअधिकार समिति संयोजक टंकप्रसाद दंगालले खोप उपलब्ध र उपचार सहज बनाएर जिम्मेवार बन्न सरकारलाई आग्रह गरे ।मानवअधिकारकर्मी डा. रुपक खनालले तत्काल नागरिकलाई खोप उपलब्ध गराएर नागरिकको जीवन बचाउन सरकारलाई आग्रह गरे । मानवअधिकारकर्मी डा. केपी सुबेदीले सबै नागरिकको पहुँचमा तत्काल खोप उपलब्ध गराई नागरिकको जीवन रक्षा गर्न आग्रह गरे ।

नारी सञ्चारगृह झापाकी संस्थापक

❖ **बाँकी तेस्रो पृष्ठमा**

महामारी नियन्त्रणमा जनप्रतिनिधिको भूमिका निश्क्रिय

झापा (प्रस) । कम मानवीय क्षति भएको कोरोना महामारीको पहिलो लहरमा सक्रिय देखिएका झापाका स्थानीय तहका जनप्रतिनिधिहरु दोस्रो लहरमा भने निश्क्रिय देखिएका छन् । नयाँ भेरियन्टले धेरै जनालाई संक्रमित बनाएर ज्यान लिइरहँदासमेत स्थानीय सरकारका जनप्रतिनिधिहरुले यसपटक वास्ता नगरेको गुनासो छ । गत वर्ष कोरोना संक्रमण नियन्त्रणमा जिल्लाका स्थानीय तह र त्यसका जनप्रतिनिधिहरुको भूमिका राम्रै देखिएको थियो । कोरोना संक्रमणबाट बच्नका लागि जनचेतना फैलाउनेदेखि लिएर क्वारेन्टाइन संचालन ,राहत वितरणजस्ता काममा उनीहरु खटिएका थिए । तर , यस वर्ष कोरोना संक्रमण नियन्त्रणमा जनप्रतिनिधिहरुको भूमिका खासै देखिएको छैन । कोरोनाको दोस्रो लहरमा जिल्लाका जनप्रतिनिधिहरुको भूमिका खासै नदेखिएको स्वास्थ्य कार्यालय झापाका कोभिड फोकल पर्सन जीवन चौलागाईले बताए । 'अलिकति लास्ट आवरमा देखिएको छ'उनले भने ,' गत वर्षको जस्तो चाहिँ उनीहरु परिचालित छैनन् ।' सरकारले सबै पालिकामा आइसोलेसन सेन्टर निर्माण गर्न निर्देशन दिएपनि जिल्लाका केही पालिकाहरुले नाम मात्रका बनाएका छन् । गत वर्ष कोरोना प्रभावितलाई राहत वितरण सही रुपमा नभएपछि यस वर्ष नराखिएको बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशप्रसाद दाहालले बताए । उनले यस वर्ष कोरोना राहत कोष खडा नगरिएको जानकारी दिए । गत वर्ष बिर्तामोड नगरपालिकाले करीब डेढ करोडको कोरोना राहत कोष खडा गरेको थियो । त्यसबाट नगरका कोरोना प्रभावितहरुलाई दुईपटक राहत वितरण गरेको थियो । नेपालको संविधानले आम नागरिकका लागि स्वास्थ्यसम्बन्धी मौलिक हकको व्यवस्था गरेको छ । संविधानमा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने' भन्ने व्यवस्था मौलिक हकको रूपमा रहेको छ ।

> ***सरकारले सबै पालिकामा आइसोलेसन सेन्टर निर्माण गर्न निर्देशन दिएपनि जिल्लाका केही पालिकाहरुले नाम मात्रका बनाएका छन् ।***

संविधानमा स्वास्थ्यसम्बन्धी अधिकार तीनवटै तहको एकल तथा साझा अधिकारको सूचीमा पनि समावेश गरिएको पाइन्छ । संविधान तथा कानुनले पर्याप्त अधिकार दिएको छ । आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना बनाई त्यसको कार्यान्वयन गर्नेजस्ता अधिकार संविधानद्वारा नै प्रदान गरिएको छ ।

सांसदका छोराले चलाएको गाडीको ठक्करबाट मृत्यु

झापा (प्रस) । १ नम्बर प्रदेशसभा सदस्य बिन्दिया कार्कीको छोरा रोविन कार्कीले चलाएको कारको ठक्करबाट एकजनाको मृत्यु भएको छ ।

कारको ठक्करबाट गम्भीर घाईते भएका पैदलयात्री ३५ वर्षीय भारतीय नागरिक मुकेश शर्माको मृत्यु भएको हो । बिहीबार साँझ साढे ७ बजे विराटनगर कोशी अस्पतालमा उपचारको क्रममा शर्माको मृत्यु भएको मोरङ प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार सोही कारको ठक्करबाट घाईते भएका कटहरी निवासी २२ वर्षीय राजकुमार राजवंशीको विराटनगरस्थित नोबेल अस्पतालमा उपचार भईरहेको छ । उनीहरु विराटनगर-४ स्थित न्यू एभरेष्ट स्टिल उद्योगमा कार्यरत मजदुर रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । उनीहरुलाई उद्योगमा काम गरेर फर्किने क्रममा प्रदेश ३-०१-००२ च २१३९ नम्बरको कारले ठक्कर दिएको प्रत्यक्षदर्शीहरुले बताएका छन् । उनीहरुका अनुसार कारको ठक्करबाट घाईते भएका शर्मा र राजवंशीको अवस्था गम्भीर देखेपछि चालक कार्की त्यहाँबाट फरार भएका छन् । कार्कीले यसअघि पनि थुप्रै दुर्घटना गरेको स्रोतको दाबी छ । यद्यपि पहुँचमा भएको कारण उनी छुट्दै आएका थिए ।

झापामा जेठ मसान्तसम्म निषेधाज्ञा

झापा (प्रस) । झापा जिल्लामा जेठ मसान्तसम्म निषेधाज्ञा लम्बाइएको छ । जिल्ला प्रशासन कार्यालय झापामा बिहीवार बसेको जिल्ला स्तरीय कोभिड १९ संकट व्यवस्थापन केन्द्र (डिसीसीएमसी) को बैठकले जेठ मसान्तसम्मको लागि निषेधाज्ञा लम्ब्याउने निर्णय गरेको हो । प्रशासनले वैशाख २२ गतेदेखि लागू गरेको निषेधाज्ञा चौथो पटक लम्ब्याएको हो ।

बैठकले खाद्यान्न, माछा मासु, तरकारी, फलफूल पसलहरू खोल्न दिने निर्णय गरेको छ । हप्तामा दुई दिन आइतबार र बुधवार बिहान ६ देखि ९ बजेसम्म पसल खोल्न पाउने निर्णय गरेको जनाइएको छ । ती सामानहरूको होम डेलिभरी सेवा भने यथावत् राखिएको छ । साथै वित्तीय संस्थाको हकमा हप्ता तीन दिने खोल्न पाउने निर्णय गरेको छ । विकास निर्माणको हकमा आयोजनासँग सहकार्य गरी निर्माण सामग्री बोक्ने सवारी साधनलाई स्थानीय तहको सिफारिसमा सञ्चालन गर्न पाउने जनाइएको छ ।

> ***• हप्तामा दुई दिन आइतबार र बुधवार बिहान ६ देखि ९ बजेसम्म पसल खोल्न पाउने***
>
> ***• निर्माण सामग्री बोक्ने सवारी साधनलाई स्थानीय तहको सिफारिसमा सञ्चालन गर्न पाउने***

११ हजार संक्रमितमा आधाबढी निको भए

झापा (प्रस) । झापामा कोरोना संक्रमितको सँख्या ११ हजार नाघेको छ । पछिल्लो २४ घण्टाभित्र २०८ जनामा कोरोना संक्रमण पुष्टि भएसँगै जिल्लामा कूल संक्रमितको सँख्या ११ हजार ५४ पुगेको हो । बिहीवार झापामा १८३ जनाले कोरोना जितेका छन् । योसँगै निको भएर डिस्चार्ज हुनेको संख्या ६ हजार ४६३ पुगेको छ । बिहीवार पुष्टि भएका संक्रमितमध्ये ८८ जना महिला रहेका छन् ।स्वास्थ्य कार्यालय झापाका अनुसार संक्रमितमध्ये सबैभन्दा बढी मेचीनगरमा २२ महिलासहित ६५ जनामा संक्रमण पुष्टि भएको छ । यस्तै, बिर्तामोडमा १७ महिलासहित ३९ जनामा पनि संक्रमण भएको छ ।यसैगरी, गौरीगञ्जमा १० महिलासहित २० जना, शिवसताक्षीमा ७ महिलासहित १६ जना, अर्जुनधारामा ५ महिलासहित १२ जना र कमल गाउँपालिकामा ५ महिलासहित १० जना संक्रमित भएका छन् ।यस्तै, दमक, भद्रपुर र गौरादहमा ८-८ जना, कचनकवलमा ५ जना, झापा गापामा ४ जना, बाह्रदशी र बुद्धशान्तिमा १-१ जना तथा ठेगाना नखुलेका ४ महिलासहित ६ जनामा संक्रमण पुष्टि भएको छ ।

यसैबीच दमकमा थप एक कोरोना संक्रमितको मृत्यु भएको छ । मृत्यु हुनेमा दमक वडा नं ८ की ७० वर्षिया महिला रहेकी छन् । उनको उपचारका क्रममा बिहीवार बिहान ६ बजे लाइफलाइन अस्पतालमा मृत्यु भएको नगरपालिकाका स्वास्थ्य शाखाका कुवेर भट्टराईले जानकारी दिएका छन् । योसँगै दमकमा कोरोना भाइरसको नयाँ भेरिएन्टबाट मृत्यु हुनेको सँख्या २० पुगेको छ । हालसम्म झापामा कोरोनाबाट मृत्यु हुने मृतकको संख्या २५२ पुगेको छ ।

ASM
AADARSHA SCHOOL OF MANAGEMENT

ADMISSION OPEN
DIPLOMA
IN HOTEL
MANAGEMENT

Preparing Future
Ready Professionals
for Hospitality
Industry.

APPLY NOW

AADARSHA SCHOOL OF HOTEL MANAGEMENT
aadarsha.sm@gmail.com
023-546755
9806055500 I 9852626026
Namaste Toll , Birtamode -3, Jhapa Nepal

औषधी व्यवसायी संघका महासचिव पक्राउ

झापा (प्रस) । औषधीको चरम दुरूपयोग गरी कमाउ धन्दामा लागेको आरोपमा नेपाल औषधी व्यवसायी संघ उदयपुरका महासचिव विरेन्द्रकुमार झा पक्राउ परेका छन् ।

उनले होलसेल औषधी पसल खोलेर लागूऔषध प्रयोगकर्तालाई औषधी बिक्री बितरण गरेको पाइएको छ । उदयपुरको चौदण्डीगढी नगरपालिका-७ मा गोपिकृष्ण मेकिडल हल औषधीको होलसेल पसल खोलेर झाले लागूऔषध प्रयोगकर्तालाई अनुचित रूपमा औषधी बिक्री वितरण गरेको भेटिएको थियो ।

संघका महासचिव रहेका झाले प्रिगाभालिन, ट्रामाडोल र डाइसाइक्लोमाइन नामको औषधी लागूऔषध प्रयोगकर्तालाई बिक्री गर्ने गरेको फेला परेको ओषधी व्यवस्था विभाग विराटनगरका निमित्त कार्यालय प्रमुख सन्जिव शर्मा कट्टेलले जानकारी दिए ।

यी तीनवटा औषधी मिलाएर दुर्व्यसनीहरूले लागूऔषधको रूपमा सेवन गर्दछन् । क्यान्सरको समस्या भएकालाई दुखाई कम गर्न प्रयोग गरिने ट्रामाडोलले अरु औषधिसँग मिसाएर सेवन गर्दा लागुऔषधको काम गर्ने उनको भनाइ छ । त्यही

भएर अवैध रुपमा भित्रने यसको कारोबार पछिल्लो समय फस्टाएर गइरहेको छ ।

प्रिगाभालिन नशा च्यापिएका विरामीले प्रयोग गर्दछन् ।

यस्तै ट्रामाडोल क्यान्सका विरामीले दुखाइ कम गर्न र डाइसाइक्लोमाइन औषधी दुखाइ कम गर्न विरामीले सेवन गर्ने गरेको विभागले जनाएको छ । तर, कमाउ धन्दामा लागेका औषधी व्यवसायी संघका महासचिब झाले महँगो मूल्यमा उक्त औषधि दुर्व्यसनीलाई बेच्ने गरेको विभागका प्रमुख शर्माले जानकारी दिए ।

झाको पसलबाट औषधी खरिद गर्ने लागूऔषध दुर्व्यसनीलाई पनि विभागले बिहीबार पक्राउ गरेको छ । विभागले उदयपुरको बेलका नगरपालिकाको १८ वर्षीय पर्शुराम दर्जीलाई पक्राउ गरेको हो । पक्राउ परेका दर्जी लागूऔषध प्रयोगकर्ता हुन् । दर्जी पक्राउ परेपछि संघका महासचिव झाले औषधीको अनुचित प्रयोग गर्ने गरेको खुलेको हो ।

लागूऔषध प्रयोगकर्तालाई औषधीको अनुचित प्रयोग गर्दै बिक्री गर्ने झाको पसल अर्को निर्णय नभएसम्मको लागि शिलबन्दी गरी उनलाई औषधी व्यवस्था विभागले औषधी ऐन २०३५ अनुसार कारवाहीको दायरमा ल्याउने निमित्त कार्यालय प्रमुख कट्टेलले जानकारी दिए ।

महासचिव झाले १५ देखि ३० वर्ष उमेर समूहका युवाहरूलाई महँगो मूल्य लिएर औषधी बिक्री गरेको विभागले जनाएको छ ।

यसअघि पनि लागूऔषध प्रयोगकर्तालाई झाले औषधीको अनुचित प्रयोग गर्दै बिक्री गर्ने गरेको भेटिएको थियो । विभागले यसअघि पनि झाको पसललाई शिल गरी कारवाही गरेको थियो ।

१८ वटा पसलमा अनुगमन, ६ वटा फार्मेसी शिलबन्दी

औषधी व्यवस्था विभाग विराटनगरले बिनादर्ताका ६ वटा औषधी पसल शिलबन्दी गरेको छ । उदयपुर, सुनसरी र सप्तरीको १८ वटा पसल बिहीबार अनुगमन गरेकोमध्ये ६ वटा फार्मेसी शिलबन्दी गरेको हो ।

शिलबन्दी गरिएको विभागमा दर्ताबिनै संचालन गरेको, ठाउँ सारी नगरिएको र व्यवसायी नभएको पसल विभागले शिलबन्दी गरेको छ । विभागले उदयपुरको बेलका नगरपालिका-४ मा रहेको संजिवनी मेडिकल हल, सोही ठाउँमा रहेको सरिता उपचार केन्द्र, उदयपुरको रामपुरमा रहेको बराहक्षेत्र फार्मेसी, सोही ठाउँको सामुदायिक अस्पताल परिसरभित्र नाम नखुलेको फार्मेसी, सप्तरीको फतेपुर नगरपालिको अनकुल औषधी पसल शिलबन्दी गरेको नेपाल औषधी व्यवस्था विभाग विराटनगरका निमित्त कार्यालय प्रमुख कट्टेलले जानकारी दिए । संजिवनी मेडिकल हल औषधी व्यवस्था विभागमा दर्ता भए पनि व्यवसायी नभएको प्रमाणपत्र नभएका कारणले शिलबन्दी गरी विभागमा उपस्थित हुन निर्देशन गरेको छ । यसैगरी बेलका ४ मा रहेको उपेन्द्र यादवले संचालन गरेको बिना दर्ताको फार्मेसी शिलबन्दी गरेको छ ।

यस्तै बराहक्षेत्र फार्मेसीले विभागले सुनसरीमा अनुमति लिएर ठाउँ सारी नगरी उदयपुरमा औषधी पसल संचालन गरेको भेटिएको कारणले बन्द गरिएको विभागले जनाएको छ ।

यस्तै रामपुर सामुदायिक अस्पताल परिसरभित्र नाम नखुलेको फार्मेसीमा विभागमा दर्ता नभएको र कक्षा ११ पढ्दै गरेको व्यक्तिले औषधी बिक्री वितरण गरेको भेटिएको थियो ।

सप्तरीको फत्तेपुर नगरपालिकाको अनकुल औषधी पसलमा व्यवसायी नभएको कारणले विभागले शिलबन्दी गरेको जनाएको छ ।

उक्त पसलमा विभागबाट एलोपेथी औषधी बिक्री गर्ने अनुमित लिएको छ । तर, धेरै परिमाणमा आयुर्वेद औषधी संचय गरेको भेटिएको थियो ।

अनुगमनको क्रममा विभागले पसलदेखि बिर्ना दर्ताको सेनिटाइजर र ठूलो परिमाणमा खाद्य पुरक सामग्री पनि बिक्री वितरण गरेको भेटिएको कट्टेलले जानकारी दिए ।

शिलबन्दी गरिएको पसललाई विभागले एक हप्ताभित्रमा सम्पूर्ण कागजपत्र लिएर उपस्थित हुन निर्देशन पनि दिएको छ । पछिल्लो समय दर्ता बेगारको फार्मेसी खोलेर औषधीको अनुचित रूपमा प्रयोग र कालोबजारी हुने गरेको पाइएपछि विभागले अनुगमनलाई तीव्रता दिएको कट्टेलले जानकारी दिए ।

समाजसेवी हरिलाल देवानको निधन

दमक (प्रस) । दमकका सामाजिक व्यक्तित्व हरिलाल देवानको निधन भएको छ । दमक ८ किरात मार्ग निवासी समाजसेवी देवानको ८४ बर्षको उमेरमा बिहीवार विहान आफनै निवासमा निधन भएको हो । लामो समयदेखि पक्षघातवाट उनी थलिएका थिए । उनले किरात याक्खाहरुको जातीय संस्था किरात याक्खा छुम्माका संस्थापक झापा जिल्ला अध्यक्ष रहेर विभिन्न सामाजिक कार्यमा योगदान पुर्‍याएका थिए । पूर्व ब्रिटीस गोर्खा सैनिक समेत रहेका उनका पाँच छोराहरु पूर्ण,योगराज,योगिन्द्र,गोविन्द र टीकाराज र दुई छोरीहरु कुमारी र देवकी देवान रहेका छन् । उनले आफनो अनुभव समेटेर २०७४ सालमा 'मेरो विगतलाई फर्केर हेर्दा 'नामक जीवन संस्मरण प्रकाशित गरेका थिए । उनको पार्थिक शरीर विहिबार दिउँसो कन्काई नदीमा अन्त्येष्टि गरिएको पारिवारिक स्रोतले जनाएको छ ।

कांग्रेस नेता भट्टराईद्वारा स्वास्थ्य सामग्री प्रदान

झापा (प्रस) । बढ्दो कोरोना संक्रमणसँगै अक्सिजनको अभाव हुँदै जाँदा सर्वसाधारणको सुविधाका लागि नेपाली कांग्रेस शिवसताक्षी नगर समितिलाई अक्सिजन सिलिन्डरसहित अन्य स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ ।

नेपाली कांग्रेस महासमिति सदस्य तथा गत निर्वाचनमा झापा क्षेत्र नं. ४ 'क' का प्रदेश सभाका उम्मेद्वार किरण भट्टराईले नेपाली कांग्रेस शिवसताक्षी नगर समितिको कार्यालयलाई अक्सिजन सिलिन्डरसहितका स्वास्थ्य सामग्री प्रदान गरेका हुन् । नेता भट्टराईले शिवसताक्षी नगर सभापति पर्शुराम ढुङ्गानालाई कोरोना संक्रमितको उपचारका लागि ४ थान अक्सिजन सिलिन्डर, एक थान अक्सिमिटर, ५ थान अक्सिजन ब्याग, ९ थान अक्सिजन मास्क, एक थान रेञ्ज र ३०० थान फेस मास्क हस्तान्तरण गरेका छन् ।

दूधेस्थित नगर समितिको कार्यालयमा राखिएका अक्सिजन सिलिन्डर लगायतका ती स्वास्थ्य सामग्री कोरोना संक्रमितहरूलाई आवश्यक परेको अवस्थामा प्रदान गरिने युवा नेता अशोक बस्नेतले बताएका छन् ।

उनले आवश्यक पर्ने नगर,प्रदेश,क्षेत्रभर जुनसुकै बिरामीलाई जुनसुकै अवस्थामा पार्टी कार्यालयबाट ती सामग्री उपलब्ध गराउने जानकारी दिए ।

विश्वकप छनोट :

नेपालले ताइपेईलाई हरायो

झापा (प्रस) । फिफा विश्वकप फुटबल छनोट प्रतियोगिताअन्तर्गत नेपालले बिहीवार राति भएको खेलमा चाइनिज ताइपेईलाई हराएको छ । कुवेतको जाबेर अल अहमद अन्तर्राष्ट्रिय मैदानमा भएको खेलमा नेपालले चाइनिज ताइपेईलाई २- ० गोलले हराएको हो । नेपालका लागि खेलको चौथो मिनेटमा अञ्जन विष्टले पेनाल्टीमार्फत गोल गरे ।

ताइपेईका खेलाडीले बल हातले छोएपछि नेपालले पेनाल्टी पाएको थियो । अर्को गोल ८१ औं मिनेटमा नवयुग श्रेष्ठले गरे । नवयुग परिवर्तित खेलाडीको रुपमा ६९ औं मिनेटमा मैदान प्रवेश गरेका थिए । यो जितसँगै नेपालले विश्वकप छनोटका दुवै खेलमा चाइनिज ताइपेईलाई हराउन सफल भएको छ । यसअघि उसकै घरेलु मैदानमा नेपालले २-० गोलले नै हराएको थियो । तालिकामा नेपालको ६ अङ्क भए पनि विश्वकप छनोट खेल्ने सम्भावना लगभग सकिएको छ । तर एसियन कप छनोटको तेस्रो चरणमा प्रवेश गर्ने सम्भावना कायमै छ । यस्तै चाइनिज ताइपेई अङ्कविहीन रहेको छ । नेपाल रहेको समूह 'बी' मा अष्ट्रेलिया ४ खेलमा १२ अङ्कसहित शीर्ष स्थानमा रहेको छ । नेपालले आउँदो सोमवार जोर्डनसँग र २८ गते अष्ट्रेलियासँग खेल्दैछ ।

HONDA
होण्डा नयाँ बर्षको अफर
UPTO ५००० CASH BACK
Syakar
5000 EXCHANGE BONUS
Buddha Enterprises
Bhadrapur Road , Birtamode
Ph: 023-540452 / 545562 / 545185 M: 9802600531

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

gj ;~rf/ uk kl=ln=åf/f kl sflz t tyf gj ;~rf/ ck ;6df dlbt sfof{no ebk/ a; :6]8 klZrd, uh'/d'v6fh, latfdf8 -emfkf_ kmfg g+)@#-%$#*@) 0dh pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। सम्पादक : राजेन्द्र गौतम

सम्पादकीय

कुरामा युवा पुस्ता

नेकपाका नेता माधवकुमार नेपालले युवा पुस्ताका नेताको खाँचो औल्याएका छन्। बुढा नेताहरुले युवा पुस्ताका कुरा गरिरहन्छन्। तर अधिकार दिदैनन्। राजनीति राज्य सञ्चालन गर्ने नीति हो। योभित्र शासन, शासन व्यवस्था, व्यवस्था सञ्चालनका विधि, नियम तथा प्रशासनिक संयन्त्र परिचालनका साथै देशीविदेशी कूटनीति तथा पारस्परिक सम्बन्ध समन्वय र परिचालनका कुरा पर्छन्। राष्ट्रिय रूपमा यी सबै देशको मूल कानुनका रूपमा रहेको संविधानका मातहत परिचालित हुन्छन् भने अन्तर र्राष्ट्रिय रूपमा कूटनीतिक सम्बन्ध र पारस्पारिक हितका आधारमा परिचालित हुन्छन्।

यस्तो सम्पूर्ण नीति निर्माण र परिचालनका लागि राजनीतिक दलमा आबद्ध विभिन्न पुस्ताका नेता तथा कार्यकर्ताको भूमिका अहं रूपमा रहेको हुन्छ। अघिल्लो पिँढीका नेताहरूको भूमिका बढी अभिभावकीय रूपमा रहेको हुन्छ भने तत्कालीन पुस्ताको भूमिका बढी कार्यकारी रहन गएको हुन्छ। तर, नेपालको सन्दर्भमा धेरै कुरा पाका नेता नेतृत्वमा रहने युवा पुस्ता पछाडि परिरहने अवस्था रहँदै आएको छ।

यो समकालीन राजनीतिक विकास तथा विकास निर्माणका हिसाबले अलि केही अप्ठ्यारो अवस्था हो। यसको अर्थ बुढापाका नेताहरू काम नै गर्न सक्दैनन् र गरेका छैनन् भन्ने पनि होइन। तर, देशलाई आवश्यक पर्ने नवीन ऊर्जाका साथ जे जति गर्न सक्नुपर्छ समकालीन समयमा बुढापाका नेताहरूको उत्तिको सारो ध्यान पुगेको देखिँदैन।

समय गतिशील छ। निरन्तर परिवर्तनको परवाहमा छ। यसले नयाँनयाँ खालका सामाजिक मतभेदहरू हल गर्नुपर्ने अपेक्षा लिएको हुन्छ। सामाजिक अन्तर्विरोधहरू पनि समयसापेक्ष परिवर्तन हुँदै गइरहेका हुन्छन्। जुन समयमा जुन कुराको उचित सम्बोधन हुनुपर्छ, त्यो त्यस समयका युवा पुस्तासँग बढी घनिष्ट रूपले जोडिएको हुन्छ। यो समाज विज्ञान विकासको नियम नै हो। यही नियमअनुसार देश र समाजलाई गति दिनका लागि युवा नेतृत्व नै बढी उपयुक्त हुन्छ।

मुटु चुँडाउने मृत्यु वियोगको पीडा र कष्ट बन्यो उज्वलको महाप्रस्थान

जति बेला सडकमा टायर बाल्नु र असहमति हुने बित्तिकै सडक बन्द गरेर नेपाल बन्द जस्तो अत्यन्तै अराजक,अनैतिक र देशलाई घाटा लाग्ने बन्दको अपसंस्कृति मौलाएको थियो। अराजकता नै सरकारको विरोध गर्ने सजिलो माध्यम र उपाय थियो। राजनीतिक दलका नेताहरू लाठी बोकेर सडकमा निस्कन्थे। मानौं सडक युद्धस्थल हो। बन्दरुपी युद्ध देश बनाउने अचुक अस्त्र हो। सडकको भाँडभैलो बन्द चक्काजाम धुलो, धुवाँ, डाङडाङ डुङडुङ नै समृद्धिको माध्यम र सहज मार्ग हो। लाग्थ्यो सडक पार्टीहरूको आफ्नो बपौती हो तिनले त्यहाँ जे गरे पनि हुन्छ। अन्यथा देश बन्दैन, राजनीति सुध्रिदैन, राज्यले सुन्दैन, जनसरोकार र जनताले विरोध प्रकट गर्ने भनेको नै, राज्यलाई आफ्नो माग सुनुवाइ गर्न बाध्य पार्ने उपयुक्त तरिका नै जिल्ला बन्द ,देश बन्द हो। कुनै पनि माग पूरा गराउने रामवाणको रूपमा बन्द गर्नुपर्ने नियम जस्तो बनेको थियो। त्यति बेला केही युवा नेपाल खुल्ला छ नेपाल बन्द गर्नु भनेको आफ्नो खुट्टामा आफै बन्चरो प्रहार गर्नु हो। भविष्य अरू अन्धकार बनाउनु हो। बन्द तोडफोड हिंसा अराजकता बिना पनि राज्यलाई आफ्नो माग सुनाउन र माग पूरा गर्न सकिन्छ। सरकारको विरोधको नाममा बन्द हडताल जस्ता कुरा गर्नु राजनीतिक संस्कार होइन। अब राजनीतिको कल्चर बदल्नु पर्छ। रुढीबादी राजनीतिको विरुद्ध सिर्जनात्मक राजनीतिको मियो बनेर उभिने कसरत गर्दै राजनीतिको कोर्स, नयाँ शिराबाट शुरु गर्नुपर्छ भनेर केही उत्साही युवाहरू सडकमा निस्के। बन्दको विरोध गरे। नेपाल बन्द गर्नेले बनाउन सक्तैनन् हामी नेपाल सधैं खुल्ला राख्छौं। नेपाल बन्द गरेर होइन खुल्ला राखेर बन्छ, बनाउन सकिन्छ भन्दै नेपाल खुल्ला छ को प्ले कार्ड बोकेर निस्कने थोरै युवा मध्यममा एक थिए उज्ज्वल थापा। जसले नेपाल बनाउने र सरकार सेवक बन्नुपर्छ शासक होइन भन्ने परिकल्पना गरेर सेवक सरकार, विवेकशील नागरिक र हितकारी राज्यको अवधारणा बोकेर हिँडेका थिए।

नेपाल खुल्लै छ। नेपाल बन्दै छ। नेपाल हाम्रो घर हो, डेरा होइन तसर्थ घर बनाउने जिम्मा प्रत्येक नेपालीको जिम्मेवारी हो। जिम्मेवार र विवेकशील नागरिक भएको देश बनाउने सङ्कल्प बोकेर उज्वलहरू सडकमा निस्केर बोल्न थाले। माइतीघर मण्डललाई सरकारको विरोध गर्ने र आफ्नो माग सुनाउने थलोको रूपमा विकास गरे। जबकि त्यतिखेर सडक बन्द गरेर ,रेलिङ तोडफोड र आगजनी हिंसा बिना विरोध गर्न सकिन्छ र त्यो विरोध प्रभावकारी हुन्छ भन्ने सोच थिएन। बन्द गर्नु गलत हो भन्ने चेतना जनमानसमा पलाएको थिएन। आज माइतीघर सरकारलाई आफ्नो कुरा सुनाउने भन्ने र सरकारले गरेका जनघाती कदमको विरोध गर्ने मानक स्थल बनेको छ।

एक प्रकारले चलेको र बन्द चक्काजाम नै संस्कार र राजनीतिक संस्कृति बनेको बेला फरक आयाम र सोचका साथ समाज रूपान्तरणको नारा बोकेर उज्वलहरू सडकमा प्रदर्शन गर्न निस्के र फरक धारको राजनीतिक कल्चरको अभ्यास गर्न थाले। सडकमा नारा जुलुस गर्दा देखिने अनुशासन र आफ्नो कार्यक्रम गर्दा निस्कने फोहोर आफै उठाउने अभियान अरूका लागि अनौठो र आश्चर्य लाग्दो थियो। थोरै मान्छे त्यसमा पनि अल्लारे जस्ता देखिने युवायुवतीहरुको प्रदर्शनलाई मान्छेहरूले र परम्परागत राजनीतिमा अभ्यस्त राजनीतिक दलका नेताकार्यकर्ताले भुराभुरीको रमाइलो, फुर्सदको बसिबियाँलो र प्रणय दिवस मनाउने अवसर भनेर खिसी गरे तर यो सानो समूह एउटा मिसन र नेपालमा सुसंस्कृत सुसङ्गत वैकल्पिक राजनीतिक आफ्नो अभीष्ट बनेर आएको थियो। दूषित राजनीतिलाई सफा गर्न सफा मान्छे चाहिन्छ।

राजनीतिको फोहोर हामीले नै उठाउने र त्यो हिम्मत गर्न सफेद मन र मस्तिष्कका युवा राजनीतिमा चाहिन्छ उज्ज्वल ध्येय थियो। लुटतन्त्र बढारेर मौलिक नेपालवादको सुसंस्कृत राजनीति, पारदर्शी राजनीति उज्ज्वल लक्ष्य थियो। राजनीति महँगो र पैसावालको पहुँचमा मात्र भएको बेला राजनीतिलाई सबैको लागि सुगम र मितव्ययी पारदर्शी र जबाफदेही बनाउने उद्देश्य बोकेर हिँड्ने अभ्यासमा थिए उज्ज्वलहरू। चुनाव प्रचारप्रसारमा भव्य च्याली मोटर र बाइकहरूको ताँती लिएर हिँड्ने पार्टीहरूको अधिल्तिर रिक्सा चलाएर साइकल चढेर, ट्याम्पो चढेर काठमाडौं शहरमा चुनाव प्रचारको लागि निस्कनु हास्य र खिसीको पात्र बन्नु थियो। उपहासको पात्र बनेर पनि कुकुर जस्तै आज्ञाकारी बन्नुपर्छ भन्दै कुकुर डोऱ्याउँदै उज्वलहरू काठमाडौंमा हिँड्थे यिनीहरूको यस्तो पारालाई राजनीतिक पार्टीका मान्छेहरू धज्जी उडाउँथे। उम्मेद्वारीलाई लिएर दुधे बालबालिकाको राजनीतिक भाँडाकुँडीको संज्ञा पनि दिन्थे। आम मान्छेहरू पनि केही युवायुवतीका यस्ता प्रचारलाई देखेर छक्क परेर हेर्थे। यी मान्छेहरू परम्परागत पार्टीभन्दा फरक ढङ्गले प्रस्तुत भएको देख्दा धेरैको लागि रमिता थियो तत्कालीन विवेकशील पार्टीको चुनावी प्रचार। मान्छेको ध्यान खिच्न अचाक्ली काम गर्नु पर्दैन केवल अलि फरक ढङ्गले काम गरे पुग्छ। देश भक्तिलाई प्राथमिकतामा राखे पुग्छ।

देशभक्त भन्दै भारतको विरोध गर्दा नेपाल बन्द गर्ने परिपाटीको अघि नेपाललाई माया गर्नेले बन्द होइन खुल्ला नेपाल राख्नुपर्छ भन्ने अवधारणा नै मान्छेको बुद्धिको बिर्को खोलिदिने झटका भईदियो। आज बन्द गर्न पार्टीहरू हिचकिचाउने र डराउने कारणको पछिल्तिरको कारण हो उज्वल थापा टिमको राजनीतिक चेतना र जन जागृति। आज बन्दको विरोध आम जनताले गर्छन् फलस्वरूप जनताको लागि भन्दै जिल्ला बन्द र नेपाल बन्दको अपसंस्कृतिमा धेरै कमी आएको छ। यसको श्रेय तत्कालीन विवेकशील दल र त्यसको नेता हुनुको कारण उज्ज्वल थापाको भागमा जान्छ। आज उज्वल असाध्यै बिरामी भएर उपचार गराउँदा गराउँदै परलोक गए। उनको लागि मुटु झिकेर दिन चाहने युवाहरूको साथ थियो तर पापी कोरोनाले त्यो अध्याय सँधैका लागि बन्द गरिदियो।उज्वल कोरोनासँगको भौतिक युद्धमा दुई हप्ताको रस्साकस्सीपछि पराजित बने। उज्वलप्रति किन मान्छेहरूको यतिबिधी श्रद्धा त्यो हो निष्ठापूर्वक आफ्नो उद्देश्यमा तल्लीन भएको मान्छे प्रतिको भरोसा। भलै दुई पटक चुनाव लड्दा उज्वलले जित्न सकेनन् उनको पार्टी पनि राष्ट्रिय स्तरको हुन सकेन तर उनीहरूले जुन विश्वासको मत पाए त्यो भावी नेपालमा परिवर्तनको संकेत भनेर विश्लेषण गर्ने आधार छन्। उनीहरूले सकारात्मक प्रचार गरेर आफ्नो मुद्दा स्थापित गरे जसको कारण सही उद्देश्य र आशयप्रति मान्छेहरूमा विश्वास पलाउँदै गएको प्रमाण हो उज्वलप्रति मान्छेहरूको माया र सहानुभूति। नेताहरू बदनाम र अराजक भएको बेला एउटा सानो पार्टीका नेता प्रति मान्छेहरूको सद्भाव र स्वतःस्फूर्त आर्थिक सहयोग सामान्य विश्वासमात्रै होइन भरपुर आस्था हो।

यसैबीच दुर्गा प्रसाईजीले उज्ज्वल उपचार खर्च आफूले बेहोर्ने कुरा सार्वजनिक गरेर माफिया दलाल र व्यापारीहरू कसरी नेताको समीप पुग्छन् र आफ्नो स्वार्थ सिद्ध गर्न प्रभावित गर्ने बाटो रोज्छन् त्यो बुझ्न सजिलो भएको छ। स्वार्थ समूहको सहयोग लिने अनि उनी मुताबिक चल्ने नेताहरूको विशिष्ट गुण भएको कारण देशको राजनीति माफिया दलाल र बिचौलियाहरूको फन्दामा परेको हो। विवेकशील नेपाली दलका संस्थापक सिर्जनात्मक राजनीतिका शुत्राधार सामाजिक अभियन्ता उज्ज्वल थापाको परिवारले प्रसाईजीको सहयोग नलिएर उनको सदाशयतालाई धन्यवाद दिएको कुराले नेपाली नेताकार्यकर्तालाई एउटा पाठ जरुर सिकाएको हुनुपर्छ।

आफ्ना पति, पिता, पत्नी र दाजुभाइ, दिदीबहिनी, आफन्तको आदर्श बचाउन परिवारको पनि सचेतता र निगरानी जरुरी हुन्छ। नेता बिरामी हुँदा उपचार खर्च बेहोरिदिने, छोराछोरी पढाई दिने, विदेश सयर गराइदिने, पार्टीको कार्यक्रममा जाँदा हेलिकप्टर रिजर्भ गरिदिने, नेता कार्यकर्तालाई घरजग्गा उपहार दिने, शेयर उपहार दिने, गाडी उपहार दिने लगायत अनेकौं उपहार, सौगात,नजराना जे भने पनि खर्चिलो र प्रभाव पार्ने हेतुले दिने र सो बापत प्रकारान्तरले आफ्नो दुनो सोझ्याउने, राज्यमा अनावश्यक प्रभुत्व जमाउने नेताकार्यकर्ताबाट राज्यको नीति निर्माण तहमा प्रभाव पारी आफ्नो पेशा व्यवसाय लाभको अंश बढाउने उपाय नै व्यापारी र स्वार्थ समूहको रणनीतिक चाल हो। जसमा हाम्रो देशका प्रायः सबै नेता फसेका छन्। आपद्को सहयोग मानवीय र सहृदय हुनुपर्छ नकि भावी फाइदा नाफा घाटाको हिसाब हेरेर। सेवा व्यापार होइन मानवीय धर्म हो।हाम्रा पार्टीका नेता कार्यकर्ता चुकेका र चुकाइएका यस्तै प्रवृत्तिको कुत्सित नियत र चाल बुझ्न नसकेर हो। सहयोग चन्दा र दानको रूपमा जे आए नि जसको आए नि लिने परिपाटी परिवर्तन गर्न उज्वल थापाको परिवार र उनका शुभचिन्तकले लिएको सावधानी प्रशंसनीय छ। पार्टीको लागि मात्रै होइन देशको लागि खाँचो पर्ने नेता गुमाउँदा देश शोकाकुल छ। मान्छेहरूको मायाले ईश्वरीय नियममा फेरबदल गर्ने तागत राख्थ्यो भने उज्वलले देश विदेशका नेपालीबाट काफी माया पाएका थिए तर दैवको लीला स्वीकार गर्नु र सहनुको विकल्प छैन। उज्ज्वल परमधाम गए।



प्रिय उज्वल,

नेपाली राजनीतिमा मौलाएको अप संस्कृति र विरोधको ध्वंसात्मक तरिका बदलेर रचनात्मक विरोध र सिर्जनात्मक राजनीतिको सुरुवात गर्न जुन नेतृत्व लिनु भएको थियो त्यो नेपाली युवामाझ लोकप्रिय र अमिट छाप र प्रभाव छोड्ने राजनीतिको एक प्रयोगको रूपमा सदैव रहन्छ। तपाईंको सोच,शैली र चिन्तन नेपालको लागि झन् जरुरी थियो।

तपाईं आलोचनालाई सहज रूपमा लिएर सक्दो आलोचना गर्न र त्रुटि कमजोरी भनिदिन आग्रह गर्नुहुन्थ्यो। तपाईंको त्यो शैली मलाई खुब मन परेको थियो। रचनात्मक, सिर्जनात्मक सोच र शैली आजको राजनीतिक मूल कार्यभार हो। तपाईंको स्वास्थ्यमा चमत्कारिक परिवर्तनको कामना गरेर बस्ने लाखौं मान्छेलाई निराश पार्दै उज्वल महायात्रामा निस्कनु भयो। अब उज्ज्वल एउटा राजनीतिक दर्शन आन्दोलन विचार र सुसंस्कृत राजनीतिको जग बनेर बसिरहनु हुनेछ।

गुणस्तरीय स्वास्थ्य शिक्षा पूर्णतया निःशुल्क र राज्यको दायित्वभित्र हुनुपर्छ भन्दै निरन्तर अभियान चलाउने र डाक्टर गोविन्द केसीको हर अभियानमा सक्रिय उज्ज्वल थापा यति बेला महँगो उपचार पद्धतिसँगै रोगविरुद्ध लड्दा लड्दै बिदा भए यो राष्ट्रको सपुतको असमयको प्रस्थानले आम सकारात्मक सोच र शैली भएका मान्छेहरुलाई स्तब्ध बनाएको छ। मृत्यु अनिवार्य र अन्तिम सर्त हो जन्मकै दिन करारनामा गरिएको तर एक होनहार सपुतको असान्दर्भिक मृत्यु वियोग मुटु चुँडाउने कष्ट हुन्छ।

उज्वल थापा एउटा नवीन राजनैतिक बिचार,दृष्टान्त र सकारात्मक आन्दोलन हुन। वैकल्पिक राजनीतिको पर्याय खडा गर्ने युगको हाँक् भोलिको पुस्ताको प्रतिनिधित्व गर्ने नेपाली राजनीतिले तय गर्ने मार्ग हो। उज्वलले सल्काएको दियो हो निभ्दैन उज्वल भौतिक शरीर निभे पनि। सकारात्मक सुसङ्गत राजनीति जसले र जुन पार्टीले गरे पनि हुन्छ यसमा किञ्चित पनि दुबिधा छैन र हुनु पनि हुँदैन। सारा मान्छेको अनेकौं प्रार्थना बिन्ती र अनुरोधलाई लत्याउँदै दैवले धर्तीको राम्रो मान्छे आफ्नो लागि लिएर गयो।

राष्ट्रप्रमुख प्रधानमन्त्री लगायत समस्त राजनीतिक दलले उज्वलप्रति दर्शाएको प्रेम श्रद्धा सहानुभूति र सद्भावले उनको छोटो समयको तर लामो र अग्लो राजनीतिक उचाइको प्रतिनिधित्व गर्छ। उज्वलजी तपाईंसंगको विभिन्न भलाकुसारी, उद्यमशीलता कृषि, राजनीति अनि नेपालको स्वास्थ्य र शिक्षाबारे भएका सकारात्मक छलफल, सडकमा सँगसँगै पलेटी कस्दाका क्षण स्मृतिमा सदैव राख्दै भावपूर्ण श्रद्धाञ्जली! शोकाकुल परिवारजनमा गहिरो समवेदना! विवेकशील साझा लगायत विवेकशील सबै स्तब्ध नेपालीलाई शोक सहने शक्ति मिलोस्। अल बिदा प्रिय नेता।

आर्थिक उन्नतिः बंगलादेश मोडलबाट नेपालले सिक्नुपर्ने पाठ

• जीवन डाँगी

सिङ्गै एसियाका लागि बंगलादेश एक 'सपना' बनिसकेको छ। बंगलादेशको पाँच दशक लामो आर्थिक, राजनीतिक, सामाजिक र कूटनीतिक यात्राले समय-सान्दर्भिक उपलब्धि हासिल गरेको छ।

पछिल्लोपल्ट बंगलादेशको भिन्नाभिन्नै दृष्टिकोणमा खूबै चर्चा हुने गरेको छ। विश्वव्यापी महामारीको चपेटामा थुप्रै मुलुकहरू नराम्ररी थेच्चिन पुगे पनि बंगलादेशको आर्थिक विकासको रफ्तार जारी रह्यो। यो दक्षिण एसियामै लोभलाग्दो अर्थतन्त्र बन्ने दिशामा अघि बढेको छ।

बंगलादेशको आर्थिक वृद्धि दर लगातार चार प्रतिशतले बढिरहेको छ। जबकि नेपाल, भारत, पाकिस्तानलगायत देशहरूको स्थिति झन्-झन् खुम्चिँदै छ।

अन्तर्राष्ट्रिय मुद्राकोषले सार्वजनिक गरेको प्रतिवेदनमा बंगलादेशको प्रतिव्यक्ति आय दक्षिण एसियाका नेपाल, भारत, पाकिस्तानजस्ता देशहरूको तुलनामा राम्रो देखिन्छ। झण्डै पाँच दशकअघि सन् १९७१ को मार्च २६ मा स्वतन्त्र राष्ट्रका रुपमा बंगलादेशको जन्म भएपछि पहिलोपल्ट अहिले बंगलादेशले आर्थिक उन्नति गरेको हो।

बंगलादेशबारे तत्कालीन अमेरिकी सुरक्षा सल्लाहकार हेनरी किसिञ्जरले भनेका थिए, 'जो जन्मसँगै मृत्युको किरानामा उभिएको छ।' तर, पछिल्लो दशकमा बंगलादेशले गरेको आर्थिक प्रगतिले किसिञ्जरको पूर्वानुमानलाई गलत साबित गरेको छ। भारत जो हिन्दू-मुस्लिममै भिडिरहेको छ। पाकिस्तान जो आतङ्कवादकै चर्चामा रह्यो तर यी दुईको थिचोमिचोबाट जन्मिएको बंगलादेशको पहिचान एसियाको एक शक्तिशाली देशको रुपमा देखा पर्न थालेको छ। बंगलादेश स्वयम्ले सन् २०४० मा विकसित देशको श्रेणीमा उक्लिने लक्ष्य राखेको छ। बंगलादेशले यसअघि निरन्तर समस्याहरुको सामना गर्नु परिरह्यो। राजनीतिक उथल-पुथलसँगै प्राकृतिक प्रकोपले पनि उस्तै सतायो। आजभन्दा एक दशकअघि पाकिस्तानको कुल गार्हस्थ्य उत्पादन (जीडीजी) बंगलादेशको भन्दा ६० अर्ब डलरभन्दा बढी थियो तर आज आइपुग्दा बंगलादेशले धेरै पछाडि छोडिसकेको छ।

हाललाई बंगलादेश अहिले ३ खर्ब २ अर्ब ५७ करोड अमेरिकी डलर बराबरको आर्थिक शक्ति हो, जबकि पाकिस्तान २ खर्ब ६५ करोड अमेरिकी डलरमा झरेको छ। यसमा पनि थुप्रो हिस्सा अन्य देशहरूको सहयोगबाट प्राप्त गरेको हो।

बंगलादेशका अर्थशास्त्री तथा राजनीतिज्ञहरू भन्छन्- व्यापार देशको मेरुदण्ड हो, अनुदान होइन। नेपाल, भारत, पाकिस्तान, म्यान्मार अथवा एसियाली अन्य देशजस्तै बंगलादेश चिनियाँ आर्थिक पहलको नयाँ हिस्सा बनेको छैन।

बंगलादेश र भारतको सीमा दक्षिण एशियाका अन्य देशको तुलनामा लामो छ। उसले सिमानालाई अवसरको रूपमा हेऱ्यो जबकि विगतमा भारतकै हिस्सा रहेको अर्को मुलुक, जहाँबाट ५० वर्षअघि बंगलादेश अलग भएको थियो, भारत-पाकिस्तान एकअर्कामा लडिरहेका छन्।

बंगलादेश-भारतबीच तमाम विवाद छन् तर भारत सधैं ती समस्या समाधान गर्नमै केन्द्रित भयो, जुन भारतको सामान्य स्वभाव होइन। ऊ दादागिरीमै अग्रसर हुन रुचाउँछ। बंगलादेशको बढ्दो प्रभावसँगै भारतीय पक्ष नरम हुँदै गएको अनुमान गर्न सकिन्छ। दक्षिण एसियाली देशहरूको नकारात्मक अभ्यास भनेको राष्ट्रियताको 'उग्र-प्रचार' हो। जब आन्तरिक राजनीतिक किचलो बढ्छ, त्यसपछि राष्ट्रियतारुपी डण्डा बोकेर अर्को पक्षमाथि प्रहार सुरु हुन्छ। नेपाल, भारत, पाकिस्तान अहिलेसम्म राजनीतिक संकट बढ्दा त्यस्तै खोक्रो राष्ट्रियताको भारी बोकेर बाँचिरहेका छन्। राष्ट्रियताको सवालमा भारत-पाकिस्तान अति नै उग्र देखिन्छ। दक्षिण एसियाका प्रायः देशले यसै 'मोडल' अनुशरण गर्ने घिनलाग्दो अभ्यास गरे। यो कर्म नेपाल, भारत र पाकिस्तानमा आजसम्म उस्तै छ। बंगलादेश अलि भिन्न देखिन्छ।

बंगलादेश सत्ता-केन्द्रित उग्रराष्ट्रवादभन्दा माथि उठेको छ। त्यहाँ पनि सन् १९७५ र १९८२ मा राष्ट्रवादको नाराले भारतविरोधी लहर पैदा नगरेको भने होइन तर बंगलादेशकी वर्तमान प्रधामन्त्री शेख हसिना वाजेदले राष्ट्रवादको त्यस्तो संकीर्ण 'कुवा'बाट बाहिर निस्किने प्रयास गरिन्। यसैको सकारात्मक रुप आजको बंगलादेश हो।

आर्थिक प्रगतिको अर्को आयाम भारी शैन्य खर्च कटौती पनि मानिन्छ। सामाजिक कमजोरी पञ्छाउने ठूलो भूमिकासमेत निर्वाह गऱ्यो। सरकारले कपडा उद्योगमा गतिलो लगानी लगायो। त्यसमा महिलाको उल्लेखनीय सहभागितापछि सामाजिक परिवर्तनको गतिलो आधार बन्यो। महिलामा आर्थिक पाटो मजबुत बनेसँगै लैंगिक समानता समेत बढ्यो।

कोरोना महामारीबाट पनि बंगलादेश अछुतो रहेन तर यहाँ अन्य मुलुकमा झैं गम्भीर स्वास्थ्य संकट चाहिँ देखिएको छैन। बंगलादेश थुप्रै युवा श्रमका लागि खाडी मुलुक र पूर्वी एसियाको मलेसिया पुग्ने गरेका छन्। उनीहरूको समेत आर्थिक उन्नतिमा महत्वपूर्ण योगदान रहेको छ। कम्तिमा ८० लाख नागरिक विदेशमा छन्। बंगलादेशको कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशत हिस्सा विप्रेषण (रेमिटेन्स) बाट आउने गरेको छ।

सन् २००८ बंगलादेशको आर्थिक र सामाजिक विकासका लागि ऐतिहासिक वर्ष मानिन्छ। जसले सन् २०२१ लाई 'भिजन वर्ष' को रुपमा घोषणा गरेको थियो। योसँगै बंगलादेशले २०२१ सम्म मध्यम आय अर्थ-व्यवस्था बनाउने लक्ष्य निर्धारण गरेको थियो। बंगलादेशले आगामी सन् २०४१ लाई विकसित अर्थ-व्यवस्था भएको मुलुक बनाउने लक्ष्य राखेको छ। दक्षिण एसियामा शान्ति, सुरक्षा र स्थिरताका लागि भारत र पाकिस्तानजस्ता 'अतिवादी मुलुक' बाट भने जोगिनुपर्ने छ। बंगलादेशले नेपाल, भारत, पाकिस्तान, चीन र म्यान्मारसँग सन्तुलित सम्बन्ध स्थापित गरेको छ। उसको विकासमा छिमेकी राष्ट्रहरूको भूमिका अहम् रहदै आएको पनि छ।

जब राष्ट्रपति विद्यादेवी भण्डारी, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी ढाका पुगेका थिए, पूरा बंगलादेश आफ्नो स्वतन्त्रताको स्वर्ण जयन्ती समारोह मनाइरहेको थियो।

यस सन्दर्भमा नेपाल-भारत सम्बन्ध भौगोलिक समीकरणदेखि इतिहास र सांस्कृतिकसम्म एकै रहिआएको छ। दुबै देशको सैन्य व्यवस्थाबाट सुरक्षातन्त्रसम्म राम्रो प्रभाव देखिन्छ। नेपालले बंगलादेशको मोडल अपनाएर दिगो विकासका लागि शान्तिपूर्ण राजनीतिक स्थिरता र आर्थिक व्यवस्थामा उल्लेख्य फड्को मार्न सक्छ।

एजेन्सीको सहयोगमा

साथीलाई गोली हानेर फरार चार पक्राउ

झापा (प्रस) । मोरङको केराबारी गाउँपालिका-३ का ३२ वर्षीय हस्तबहादुर राईको हत्यामा संलग्न रहेका ४ जना ४ थान भरुवा बन्दुकसहित पक्राउ परेका छन् ।

गत वैशाख ८ गते मृतक राईसहित १० जनाको समूहमा स्थानीय बाँसघारी खोप सरकारी राष्ट्रिय वनमा शिकार खेल्न गएकोमा समूहकै गजेन्द्र राईले चलाएको भरुवा बन्दुकको गोली लागेर राईको मृत्यु भएको थियो। घटनाको जानकारी पाएलगत्तै अनुसन्धानमा खटिएको प्रहरी टोलीले घटनामा संलग्न रहेका मध्ये रुबिन लिम्बु र गजेन्द्रबहादुर राईलाई वैशाख ९ गते नै १ थान भरुवा बन्दुकसहित पक्राउ गरेको थियो ।

उक्त घटनामा संलग्न रहेका अन्य अभियुक्तहरूको खोजतलास भइरहेकोमा जेठ १९ गते केराबारी गाउँपालिका.-३ का ४४ वर्षीय डिक बहादुर राई, ३६ वर्षीय बुद्धवीर लिम्बु, १९ वर्षीय रामप्रसाद राई र लेटाङ नगरपालिका-१ का १९ वर्षीय विपन लिम्बु पक्राउ परेका हुन् ।

उनीहरू पक्राउ परेसँगै थप अनुसन्धान गर्ने क्रममा घटनामा प्रयोग भई उनीहरूले जङ्गलको ओढार मुनी लुकाई छिपाई राखेको ४ थान भरुवा बन्दुक समेत प्रहरीले बरामद गरेको छ । घटनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

सरकार ...

अध्यक्ष सावित्रा दाहालले नागरिक तहबाट दवाव सिर्जना गरी सरकारलाई जिम्मेवार बनाउनुपर्ने बताइन् । कोचिला महिला फ्रन्टकी अध्यक्ष सनम राजवंशीले स्थानीय सरकारमार्फत भएपनि तत्काल खोप उपलब्ध गराउन आग्रह गरिन् । सञ्चारकर्मीहरु लक्ष्मी उप्रेती, नरेन्द्र ढकाल, बिनोद पाण्डेलगायतले विभिन्न सुझाव राखेका थिए । अधिवक्ता खगेन्द्र खरेलले सहजीकरण गरेको छलफलबाट पाँच बुँदे निष्कर्षसमेत निकालिएको जनाइएको छ ।

बिर्तामोड नगरपालिका र इलाका प्रहरी कार्यालय अनारमनीको विशेष अनुरोध

हाल आएर छिमेकी देश लगायत नेपालमा समेत कोरोना संक्रमणको प्रकोप दिनानुदिन समुदाय स्तरमा फैलन थालेकाले सोलाई मध्यनजर राख्दै सोको रोकथाम र नियन्त्रणका लागि निम्नानुसार गर्न/गराउनु हुन सम्पूर्ण नगरबासीहरुमा हार्दिक अनुरोध गरिन्छ ।

निम्नः-

(१) भौतिक रुपमा उपस्थित भै सञ्चालन गर्ने सबै प्रकारका सभा सम्मेलन, खेलकुद, विवाह, ब्रतबन्ध, पास्नी, मेला, महोत्सब, जात्रा, पर्व, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक कृयाकलापहरु सञ्चालन गर्दा/गराउँदा नेपाल सरकारले तोकेकोजनस्वास्थ्य सम्बन्धि मापदण्डको पूर्णरुपले पालना हुने गरि बढीमा २५ जनासम्म सहभागि हुने गरि मात्र गर्ने र त्यस्ता कार्यक्रमहरु पार्टी प्यालेसमा गर्ने भए अनिवार्यरुपमा स्थानीय प्रशासनको पूर्वस्विकृति लिएर मात्र गर्ने/गराउने ।

(२) सार्वजनिक यातायातका साधन सञ्चालन गर्दा जनस्वास्थ्यको मापदण्डको पूर्ण पालना गरि सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ,सवारी साधनमा सेनिटाईजरको व्यवस्था अनिवार्य गर्ने, यात्रुलाई मास्क लगाउन अनिवार्य गर्ने/गराउने ।

(३) कार्यालय, पसल तथा सार्वजनिक स्थलहरुमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने ।

(४) होटल तथा रेष्टुराहरु स्वास्थ्य सम्बन्धि मापदण्डको पालना गरी सेवाग्राहीहरुलाई मास्क, भाइजर र पञ्जा अनिवार्य गर्ने र बिहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्ममात्र सञ्चालन गर्ने/गराउने ।

(५) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल वैशाख मसान्त सम्म बन्द गर्ने/गराउने ।

(६) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्त सम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने/गराउने ।

(७) सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्ने पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्य मापदण्ड पालना गरी संचालन गर्ने तर सुरक्षा निकायले आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई संचालन गर्न सकिने ।

(८) कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना वडा कार्यालय तथा नगरपालिकालाई दिने ।

(९) आमनागरिकले घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने,

१०) कोरोना रोगको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाउँ ।

बिर्तामोड नगरपालिका
इलाका प्रहरी कार्यालय, अनारमनी
बिर्तामोड, झापा

Invitation for Quotations

Shivasatakshi Municipality
office of municipal executive
province 01,Jhapa

Date of publication: 2078/02/21(2021/06/04)

1. The Shivasatakshi Municipality invites sealed quotations for the Following procurement of goods.

Contract ID	Description	Eastimated Amount (with VAT)	Bid doc Fee	Bid Security Nrs	Remarks
SM/SQ/15/2077/78	Supply and delivery of Fresh house acessories	7,60,000	1000.00	19000	

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Shivasatakshi Municipality, Byangdada,Jhapa Ph no 023-470323, dms.shivasatakshimun@gmail.com***
3. A complete set of Bidding Documents may be purchased from the Shivasatakshi Municipality **Byangdada,Jhapa** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2078/03/04(2021/06/18) during ***office hours***.
4. Sealed bids must be submitted to the office Shivasatakshi Municipality by *hand or Courier* on or before 12:oo noon on 2078/03/06(2021/06/20 . Bids received after this deadline will be rejected.
5. The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 ,2078/03/06 (2021/06/20) the office of *Shivasatakshi Municipalit.* Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mention above which shall be valid for 30 days beyond the validity period of the bid
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Khata a/c no. 0170010074844 on the behalf of Shivasatakshi Municipality at Mega Bank Nepal LTD ,Birtamod Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
   or
   Bidder who choose to submitt their bid security amount as Bid bond ,the bid bond should be issued from authorized and recognized commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. copy of bid bond is mandatory.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative

सूचना

धुम्रपान र मद्यपानबाट टाढा रहौं ।
सुखी र स्वस्थ जीवन बिताऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

मानव डेन्टल
MANAV DENTAL HOSPITAL PVT.LTD. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन
तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

रामो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रूफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधै सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९२६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६००१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिएटिभ आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

राशिफल

मेष: आलस्य र थकानको अनुभूति हुनेछ । झुटा आरोप लाग्न पनि सक्छ ।
वृष: सहयोगीहरूले काममा साथ दिनेछन् । खेतिपातीबाट बढी लाभ लिन सकिनेछ ।
मिथुन : वैदेशिक क्षेत्रको काम भने विस्तारै अघि बढ्नेछ ।
कर्कट : चिताएको कामले तीव्रता लिनेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ ।
सिंह : मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ ।
कन्या : शुभ समाचार सुन्न पाइएला । नसोचेको ठाउँबाट धनागम हुनसक्छ ।
तुला : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ ।
वृश्चिक : व्यवसाय बढाउने वा नवीन रोजगारीको अवसर आउनेछ ।
धनु : आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।
मकर : पठनपाठनका क्षेत्रबाट लाभ लिन सकिनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।
कुम्भ : पठनपाठनमा मन जानेछ । टाढाको मित्रजन सँग भेट हुने योग छ ।
मीन : परिवारजनसँग मनमुटाव हुन सक्छ , स्वास्थ्यमा समस्या आउनेछ ।